सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८२/०८३

च.नं: १६८६

मितिः २०८३।०२।२५

श्री सम्पूर्ण वडा कार्यालयहरु

श्री विषयगत शाखाहरु

सरुमारानी गाउँपालिका, प्यूठान ।

विषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा सरुमारानी गाउँपालिकाको मिति २०८३।०२।२२ गते बसेको कार्यपालिकाको बैठकका निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

२०८३/२/२२

त्रिविक्रम खड्का

प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगानाः सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल

कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np

Email :sarumarani2073@gmall.com

CamScanner

**बैठक संख्या-७९**
**मिति २०८३।०२।२२ गते**
**गाउँकार्यपालिकाको उनासिऔं बैठकका प्रस्तावहरु:**

१. प्रगति समिक्षा सम्बन्धमा ।

२. आ.ब. २०८३।०८४ को बजेट सिलिङ्ग सम्बन्धि जानकारी सम्वन्धमा ।

३. नेवा कार्यक्रमका योजनामा आगामी आ.ब.लाई वजेट विनियोजन सम्वन्धमा ।

४. योजना तथा कार्यक्रम संशोधन सम्वन्धमा ।

५. भुवनेश्वरी मा.वि. खैरा-वहिरा विधार्थि अध्यापन सहयोग सम्वन्धमा ।

६. विशेष अनुदान -वातावरण संरक्षणका कार्यक्रम सम्वन्धमा ।

७. साविक बांगेशाल ३/४ लिफ्ट सिचाई योजनाको बजेट अपुग सम्वन्धमा ।

८. विज्ञान प्रयोगशाल, पुस्तकालय तथा सूचना प्रविधि कार्यक्रम सम्वन्धमा ।

९. विभिन्न योजना/आयोजनाहरुको म्याद थप सम्वन्धमा ।

१०.आर्थिक सहयोग सम्बन्धमा ।

११.विविध सम्वन्धमा।

- सरकारी तथा सार्वजनिक जग्गाको विवरण सम्वन्धमा ।
- LISP कार्यक्रम समापन सम्बन्धि जानकारी पत्र सम्वन्धमा ।
- मर्मत सम्वन्धमा ।
- ढुंगा,गिट्टी वालुवाको उत्खनन,संकलन र निकासी वन्द गर्ने सम्वन्धमा ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

रुरुक्षेत्र(?) ...रानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

कग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

बैठको संख्या ७९

मिति २०८३।०२।२२ गते

गाउँकार्यपालिकाको उनासिऔं बैठकका निर्णयहरु:

**निर्णय नं. १ प्रगति समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं.१. माथि छलफल गर्दा गाउँकार्यपालिकाको मिति २०८३।१।२४ गतेको कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था र हाल सम्मको प्रगतीको छलफल एवं समिक्षा गरियो ।

**निर्णय नं. २ आ.ब. २०८३।०८४ को बजेट सिलिङ्ग सम्बन्धि जानकारी सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथी छलफल गर्दा आ.व. २०८३।०८४ को लागि संघीय सरकार र प्रदेश सरकारवाट हाल सम्म प्राप्त भएको बजेट सिलिङ्गको वारेमा जानकारी भयो ।

**निर्णय नं. ३ नेवा कार्यक्रमका योजनामा आगामी आ.ब.लाई बजेट विनियोजन सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिका र नेपाल स्वास्थ्यका लागि पानी (नेवा) वीच साझेदारीमा संचालन हुने तपशिलका खानेपानी योजनाहरुलाई आगामी आ.ब. २०८३।०८४ को लागि गाउँपालिकाको साझेदारी सहित पहिलो प्राथमिकता दिई कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल:

| SN | Project name | Local Gov | Donor | Total Budget | Community contribution | Total project cost |
|---|---|---|---|---|---|---|
| 1 | आटीटार लिफ्ट खानेपानी योजना | ३,१७८,६६१.३४ | ४,३५२,४१६.४७ | ७,५३१,०७७.८१ | २,२०७,२७४.०० | ९,७३८,३५१.८२ |
| 2 | गनाहा लिफ्ट खानेपानी योजना | २,९१५,८९४.९५ | ३,५३३,५३२.५२ | ६,४४९,४२७.४७ | १,९१८,२३२.८८ | ८,३६७,६६०.३५ |
| 3 | सुजिनपुर खानेपानी योजना | १,१४०,३७७.४७ | २,०७१,५१८.५७ | ३,२११,८९६.०४ | १,०६१,५१०.०१ | ४,२७३,४०६.०५ |
| | Total | ७,२३४,९३३.७६ | ९,९५७,४६७.५६ | १७,१९२,४०१.३२ | ५,१८७,०१६.९० | २२,३७९,४१८.२१ |

**निर्णय नं. ४ योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.ब.को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपिशलका योजना तथा कार्यक्रमहरु आगामी गाउँसभाबाट अनुमोदन हुने गरी संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

3

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

कग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

तपशिलः

| क्र.स. | स्वीकृत योजना तथा कार्यक्रमको नाम | बजेट रु. | संशोधित योजना तथा कार्यक्रमको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनप्रतिनिधि कर्मचारीहरुको अध्ययन भ्रमण | ४०००००/- | सर्पदंश उपचार केन्द्र प्यूठानलाई सहयोग | १०००००/- | चालु प्रशासनिक |
| | | | प्यूठान अस्पताल डायलाईसिस सहयोग | १०००००/- | |
| | | | फोर्सावाङ्ग वस्ती लिफ्टीङ्ग मोटर खरिद तथा व्यवस्थापन | २०००००/- | |
| २ | STEM कार्यक्रम | १०००००/- | जिल्ला स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड खेलकुद प्रतियोगिता व्यवस्थापन खर्च | ८००००/- | जिल्ला खेलकुद विकासस मिति |

**निर्णय नं. ५ भुवनेश्वरी मा.वि. खैरामा संचालित वहिरा विधार्थी अध्यापन सहयोग सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्यूठान जिल्लाको भुवनेश्वरी मा.वि. खैरामा संचालित सुस्तश्रवण (वहिरा) विधार्थीको लागि शेक्षिक पठन पाठनमा सहयोग स्वरुप अन्य संघ संस्था सहयोग शिर्षकबाट रु. १५,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ विशेष अनुदान -वातावरण संरक्षणका कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.व. मा संघीय विशेष अनुदान अन्तरगत टोल विकास संस्थाहरुमा वातावरण प्रदुषण न्यूनिकरण, वातावरण मैत्री पूर्वाधार वातावरण संरक्षणका विभिन्न कार्यक्रम शिर्षकमा विनियोजित वजेटबाट विभिन्न सरोकारवालाहरुको सहभागिता र समन्वयमा यस बर्षको विश्व बातावरण दिवश, २०८३ मा लाग्ने साझेदारी रकम र विभिन्न टोलविकास संस्थाहरुमा माग अनुसार वडा कार्यालयले सिफारिस गरेका योजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ स्थानीय पुर्वाधार सहयोग कार्यक्रम ( LISP)को बचत रकम सम्बन्धमा।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्थानीय पुर्वाधार सहयोग कार्यक्रम ( LISP) को दोश्रो पटकको ठेक्का आव्हवान भई वचत भएको रकम करिव रु. १५ लाखबाट देहायका आयोजनाहरुको बाकी काम गर्न निम्नानसार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल:

- बङ्गाडा धनकोट मोटरबाटो पक्की नाली निर्माण रु. ८ लाख ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CamScanner

- साविक बांगेशाल ३/४ लिफ्ट सिचाई विद्युतीकरण तथा पाईप खरिद तथा ब्यबस्थापन रु.-३ लाख ५० हजार ।
- लुकलुके झाक्रिकोल गनाहा सडक स्तरोन्नोती रु. ३ लाख ५० हजार

**निर्णय नं. ८ विज्ञान प्रयोगशाल, पुस्तकालय तथा सूचना प्रविधि कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा शिक्षा क्षेत्रको संघीय शसर्त अनुदान -विज्ञान प्रयोगशाल, पुस्तकालय तथा सूचना प्रविधि कार्यक्रममा विनियोजित रु. १०,००,०००/- यस गाउँपालिकाको श्री सरस्वती मा.वि. चाभाँमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ विभिन्न योजना/आयोजनाहरुको म्याद थप सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालू आ.ब. २०८२।०८३ मा कार्यान्वयनमा रहेका देहाय बमोजिमका आयोजनाहरु २०८३।२।३० सम्ममा सम्पन्न गर्नु पर्नेमा तोकिएको समयसम्म उक्त आयोजनाहरु सम्पन्न हुन नसक्ने र आवश्यक म्या दथपको लागि सम्वन्धित निर्माण ब्यवसायिहरुबाट लेखि आएकोले देहाय बमोजिमका आयोजनाहरुलाई मिति २०८३।३।१५ गतेसम्म काम सम्पन्न गर्ने गरी म्यादथप गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | आयोजनाको नाम | सम्पन्न गर्नु पर्ने मिति | म्याद थप गरिएको मिति |
|---|---|---|---|
| १ | ऐरावती वड्डाडा पुठाखोला दाङ्ग सडक स्तरउन्नती योजना (क्रमागत-अधुरो) | २०८३।२।३० | २०८३।३।१५ |
| २ | नर्सरी आटीटार वडा कार्यालय छात्रावास सडक कालोपत्रे योजना सरुमारानी-१ | २०८३।२।३० | २०८३।३।१५ |
| ३ | कृषि सिचाई पूर्वाधार आयोजना | २०८३।२।३० | २०८३।३।१५ |
| ४ | वडा कार्यालय रिङ्गरोड | २०८३।२।३० | २०८३।३।१५ |

साथै म्याद थप गरिएका आयोजनाहरुलाई छिटो आयोजना सम्पन्न गर्न रनिङ्ग विल दिने जस्ता कार्यको आवश्यक सहजीकरण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १० आर्थिक सहयोग सम्बन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा विभिन्न ब्यक्ति/संस्थाबाट माग भए बमोजिम निम्न रकम आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- सरुमारानी गाउँपिका वडा नं ६ को भिमादेवी राहुँमगरलाई दिर्घरोग स्वास्थ्य सहायता शिर्षकवाट रु. २५,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- राष्ट्रिय दलित पत्रकार संघ नेपाललाई दोश्रो केन्द्रिय अधिवेशनका लागि रु.१०,०००/- अन्य संघसंस्था सहायता शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

मग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CamScanner

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

गन्दर्भ समाज प्यूठानलाई रु.१५,०००/- अन्य संघसंस्था सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

- सरुमारानी गाउँपालिका वडा नं ३ निवासी टान वहादुर गुरुङ्गको मिति २०८३।१।२७ गते माण्डवी नदिले वगाएर मृत्यू भएकोले निजको मृत शरीरलाई पोष्टमार्टम कार्यकालागि प्यूठान जिल्ला अस्पतालमा लाने ल्याउने कार्य गरेवापत गाडी प्रयोग भएकोले सरुमारानी-३ निवासी किरण राना मगरलाई शव पोष्टमार्टम प्रोयोजनको गाडी प्रयोग भएकोले रु.२८,०००/- विविध शिर्षकवाट सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- सरुमारानी गाउँपालिका वडा नं. ६ निवासी देवी कुमारी पुन मगरको घरमा हावाहुरीले रुख भाचिई आंसिक क्षति भएकोले रु. २५,०००/- विपद् ब्यवस्थापन कोषवाट सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११ बिबिध सम्बन्धमा।**

- **सरकारी तथा सार्वजनिक जग्गाको विवरण सम्बन्धमा ।**

  जिल्ला प्रशासन कार्यालय प्यूठानको च.न. ३७१९ मिति २०८३।२।६ गतेको पत्र अनुसार भूमि प्रशासन कार्यालय जस्पुर प्यूठानवाट प्राप्त सार्वजिक र सरकारी जग्गाको विवरण आवश्यक छलफल र सहजीकरणको लागि वडा कार्यालयहरुमा पठाउने निर्णय गरियो ।
- **LISP कार्यक्रम समापन सम्बन्धि जानकारी पत्र सम्बन्धमा ।**

  भूमिब्यवस्था सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय पूर्वाधार सहयोग कार्यक्रम) को च.न. ३४० मिति २०८३।२।११ को पत्र अनसार LISP कार्यक्रम आ.ब. २०८२।०८३ को असार मसान्त पछि संचालन नहुने जानकारी प्राप्त भयो।
- **मर्मत सम्बन्धमा ।**
  - सरुमारानी गाउँपालिका वडा नं. १ उपल्लो आटीटार मो. वा. मर्मतको लागि रु. ४० हजार विपद् ब्यवस्थापन कोष बाट उपलब्ध गराउने निर्णय गरियो ।
  - सरुमारानी गाउँपालिका वडा नं. ५ तारिके मो.बा. मर्मतको लागि रु. १५ हजार विपद ब्यवस्थापन कोष बाट उपलब्ध गराउने निर्णय गरियो ।
  - सरुमारानी गाउँपालिका वडा नं. ५ गोलधारा कुथुके मो.वा मर्मतको लागि रु. १५ हजार विपद ब्यवस्थापन कोष बाट उपलब्ध गराउने निर्णय गरियो ।
  - सरुमारानी गाउँपालिका वडा नं. ५ स्वास्थ्य भवन जस्तापाता खरिद तथा ब्यवस्थापनको लागि रु. २० हजार विपद् ब्यवस्थापन कोष बाट उपलब्ध गराउने निर्णय गरियो ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CamScanner

- सरुमारानी गाउँपालिका वडा नं. ६ को जुकेपानी गुँरासेनी लिफ्ट खानेपानीको विधुत लाईन विस्तार तथा व्यवस्थापन कार्यका लागि रु. १ लाख ५० हजार (एकलाख पचासहजार) रकम विपद् व्यवस्थापन कोषवाट खर्च गर्ने निर्णय गरियो ।

- **ढुंगा,गिट्टी वालुवाको उल्खनन,संकलन र निकासी बन्द गर्ने सम्बन्धमा ।**
  - यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।१०।०९ गतेको बैठकको निर्णय अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार माडी नदि, रापि नदि र गनाहा नदिका विभिन्न स्थानवाट नदिजन्य पदार्थ उत्खनन संकलन र निकासी गर्ने सम्वन्धी कार्य यस कार्यालयको मिति २०८२।१०।११ गतेको सूचना अनुसार २०८३ जेष्ठ मसान्त सम्म कायम भएकोले उक्त नदिका विभिन्न घाटहरुवाट ढुङ्गा, गिट्टि र वालुवा उत्खनन, संकलन र निकासी कार्य २०८३ जेष्ठ ३१ गते राती १२.०० बजे देखि २०८३ भाद्र मसान्त सम्म बन्द गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८३/०२/२५

निविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष